## कैलाली जिल्लाको सुखडमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ब्यवसायिक कुखुरापालन तालिम सम्पन्न




काठमाण्डौ नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ३० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ पौष १६ गतेदेखि १८ गतेसम्म कैलाली जिल्लाको सुखडमा **"ब्यवसायिक कुखुरापालन तालिम"** सम्पन्न गरेको संस्थाका अत्तरीया क्षेत्रीय कार्यालयका क्षेत्रीय प्रमुख श्री शंकर प्रसाद न्योपानेले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु श्री दिनेश सापकोटा र श्री भुम प्रसाद ओली रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरिरहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको, यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुख श्री शंकर प्रसाद न्यौपानेले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाका सुखड शाखा कार्यालयका प्रमुख श्री राजकुमार चौधरीले प्रकाश पारेका थिए ।

कुखुरापालन ब्यवसाय एक परिचय, स्थानिय र उन्नत कुखुरामा भिन्नता, कुखुरापालनको महत्व, आवश्यकता र वर्तमान स्थिति तथा बोइलर एवम लेर्यस कुखुराको जातिय परिचय, बोइलर पालनको कारण एंव महत्व तथा खोर निर्माण गर्न स्थानको छनौट, स्थानीय श्रोतसाधन प्रयोग

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.

गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोतरको महत्व एवम् सोतरको लागि प्रयोग गरिने वस्तुहरु, चल्ला ल्याउन पूर्व गर्नुपर्ने तयारी, गूणस्तरीय चल्लाको पहिचान, बृडिगंको परिचय, बृडिगं हाउसमा चल्ला राख्दा चल्लाको छनौट, जाडो र गर्मीमा चल्ला बृडिगं गर्ने तरिका, उपयुक्त तापक्रम र बृडिगं गर्दा ध्यान दिनुपर्ने कुराहरु बारे आवश्यक जानकारी, रोग तथा निरोगी कुखुराको पहिचान, रोग लाग्नाका कारण तथा कुखुरामा लाग्ने रोग रानीखेते गम्बारो, कखुराको हैजा, सि.आर.डी रोगको लक्षण, उपचार तथा रोकथामका उपाय बारे जानकारी, कुखुरामा हुने आन्तरीक र वाह्य परिजिविहरुको नियन्त्रण साथै खोप कार्यक्रम बारे जानकारी, स्थानीय कुखुरापालनको महत्व, कमी, कमजोरी, संरक्षण तथा विकास, बजार ब्यवस्थापन, बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने सुखड शाखाका शाखा प्रमुख श्री राजकुमार चौधरीले बताएका थिए ।

यस निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुर्‍याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौंद्धिक विकास गर्दै आईरहेको छ । यस संस्थाले देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ ।

तालिमको अन्त्यमा तालिमको मुल्याकंनका लागि सहभागी श्री पबित्रा गौतमले मन्तब्य राखेकी थिइन् । ब्यवसायिक रुपमा उन्नत कुखुरापालन गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । कुखुरापालन गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय प्रमुख श्री शंकर प्रसाद न्योपानेले जानकारी गराएका थिए । तालिमको संचालन सुखड शाखाका प्रमुख राजकुमार चौधरीले गरेका थिए ।

संस्थाले २०७६ कार्तिक मसान्त सम्ममा ३ लाख ६६ हजार ५४० घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७६ कार्तिक मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. २० अरब २४ करोड रहेको छ भने ग्राहक सदस्यहरुका ११ अरब ७७ करोड बचत परिचालन गरेको छ ।

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 